# इन्द्रसरोवर गाउँपालिकाको सहकारी संघसंस्था एकीकरण कार्यविधि, २०७९

**इन्द्रसरोवर गाउँपालिका**
**कुलेखानी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल।**

# इन्द्रसरोवर गाउँपालिकाको सहकारी संघसंस्था एकीकरण कार्यविधि, २०७९

**कार्यपालिका स्वीकृत मितिः२०७९/२/२९**

इन्द्रसरोवर गाउँपालिका कार्यक्षेत्रमा पर्ने सहकारी संघसंस्थालाई एकीकरण गरी दोहोरो सदस्यता र कार्यक्षेत्रलाई एकिकृत गर्न सबल र सक्षम संघसंस्थाको निर्माण, संघसंस्थालाई पूँजी भौतिक तथा मानवीय संशाधन द्धारा सक्षम र आत्मनिर्भर बनाउन तथा संचालन खर्चमा कटौती गर्दै सदस्यहरुलाई प्रदान गर्ने सेवाको परिमाण र गुणस्तरीयतामा बृद्धि गरी संघसंस्थाहरुको दीगो बिकास गर्न सहकारी संघसंस्थाहरु एक आपसमा एकीकरण गर्ने सम्बन्धमा ब्यबस्था गर्न बान्छनीय भएकोले इन्द्रसरोवर गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ बमोजिम यो कार्यबिधि बनाई लागु गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**संक्षिप्त नाम र प्रारम्भ** १. यस कार्यविधिको नाम सहकारी संघसंस्था एकीकरण कार्यविधि,२०७८ रहेको छ ।

२.परिभाषा बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. एकीकरण भन्नाले दुई वा दुई भन्दा बढी संघसंस्थाहरु बिच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संघसंस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

ख. ऐन भन्नाले इन्द्रसरोवर गाउँपालिकाको सहकारी ऐन, २०७५ सम्झनु पर्दछ ।

ग. कार्यालय भन्नाले इन्द्रसरोवर गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ. दर्ता गर्ने अधिकारी भन्नाले इन्द्रसरोवर गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ६९ बमोजिम इन्द्रसरोवर गा.पा.को प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

ङ. संघसंस्था भन्नाले इन्द्रसरोवर गाउँपालिकाको सहकारी ऐन, २०७५ बमोजिम स्थापना भएका तथा साविकमा डिभिजन सहकारी कार्यालयमा दर्ता भएका सहकारी संघसंस्थालाई समेत सम्झनु पर्छ ।

## परिच्छेद-२

## योग्यता तथा प्रारम्भिक निवेदन सम्बन्धी ब्यबस्था

**३** .एकीकरण गर्न सकिने संघसंस्थाहरु: १ देहाय बमोजिमका संघसंस्थाहरुलाई एकीकरण गर्न सकिनेछः-

क. एउटै कार्यक्षेत्र भित्र रहेका एक भन्दा बढी सहकारी संघसंस्थाहरु ।

ख. एउटै बिषय वा प्रकृति भएका वा फरक बिषय वा प्रकृतिका भएतापनि एकै स्थानमा रहेका र मूलत एकै प्रतिस्पर्धा भएका संघसंस्थाहरु ।

४. एकीकरणको ब्यबस्थापन : १. संघसंस्थाहरु एकीकरण गर्दा देहाय बमोजिमको विधिहरुको आधारमा गरिनेछः-

क. एकीकरण गरिने संघसंस्थाहरुको आवश्यकता पहिचान गर्ने ।

ख. एकीकृत हुने संघसंस्थाहरुको शेयर सदस्य तथा संचालक समिति लेखा समिति र अन्य उप - समितिका सबै सदस्य वा पदाधिकारी अथवा आबश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तरक्रिया छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने ।

ग. उपयुक्त अन्तर्क्रिया छलफल पश्चात एकीकृत हुन चाहने संघसंस्थाहरुको संचालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार पार्न घटीमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने

घ.कार्यदलले शर्त तथा कार्यविधिमा गहन बहस र छलफल पश्चात अनूसूची -१ बमोजिमको शर्त तथा कार्यविधि तयार गरी बढीमा ७ दिनभित्र एकिकृत हुन चाहने संघसंस्थाहरुमा प्रस्तुत गर्ने ।

ङ. कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संघसंस्थाहरुको संचालक समितिको बैठकबाट अन्तिम रुप प्रदान गरी साधारण सभाबाट पारित गर्ने ।

**५.योग्यता** : एकै प्रकृति वा बिषयका संघसंस्थाहरुसँग एकीकरण गर्न सकिनेछ । तर एकै कार्यक्षेत्रमा बिभिन्न बिषय र प्रकृतिका संघसंस्थाहरु रहेको भएमा फरक बिषय वा प्रकृति भए तापनि कार्यालयले बिषय मिल्ने क्षेत्रमा कारोबार गर्ने गरी एकीकरण गर्न स्वीकृत प्रदान गर्न सक्नेछ ।

**६.पूर्व स्वीकृत लिनु पर्ने** :

१. ऐन को दफा ६५ बमोजिमको योग्यता भएका दुई वा दुई भन्दा बढी संघसंस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ - आफ्नो संचालक समितिबाट प्रस्तावित प्रस्ताव पारित गरी पूर्व स्वीकृतका लागि इन्द्रसरोवर गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

२. उपदफा १ बमोजिम निवेदन प्राप्त भए पछि कार्यपालिकामा उक्त निवेदनको सम्बन्धमा कार्यपालिकाको बैठकमा पेश गरी कार्यपालिकाको निर्णय पश्चात संघसंस्थाहरु एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि बढाउन स्वीकृत दिनु पर्नेछ । तर ऐन प्रारम्भ भएपछि यस कार्यविधि लागु हुनुपूर्व एकीकरण प्रक्रिया सुरु गरिसकेका संस्थाहरुको हकमा एक पटकको लागि पूर्व स्वीकृति नलिएको भएतापनि संघसंस्थालाई एकीकरण गर्ने गरी यस उप-दफाले बाधा पुर्याएको मानिने छैन ।

## परिच्छेद-३

## सम्पत्ति तथा दायित्व सम्झौता तथा अन्तिम स्वीकृत सम्बन्धी ब्यबस्था

**७. सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी ब्यबस्था:** १. कार्यालयबाट पूर्व स्वीकृत लिएपछि एकीकरण हुन चाहने संघसंस्थाले आ- आप्नो सम्पत्ति र दायित्व तथा कारोबारको पछिल्लो मूल्याङ्कन गराउनु पर्ने अवस्था भए मूल्याङ्कनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मूल्याङ्कन गराउनु पर्नेछ ।

२. मूल्याकङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा संघसंस्थाको देहाय बमोजिमको बिषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्नेछ र एकीकरण कार्यबाट उक्त बिषयमा पर्ने प्रभावको बिस्तृत बिश्लेषण समेत गरेको हुनु पर्नेछ :

क. कर्जा बर्गिकरण

ख. कर्जा नोक्सानी ब्यबस्थाको पर्याप्तता

ग. प्रचलित कानून तथा नियमनको पालना स्थिति

घ. तरलता बिबरण

ङ. जनशक्ति ब्यबस्थापन

च. अन्य आवश्यक बिषयहरु ।

**८. एकीकरणको साधारण सभामा प्रस्तुत गरिने बिषयहरु** :१. संघसंस्था एकीकरण कार्यको लागि साधारण सभामा निम्न बिषयहरु पेश गरी पारित गराउनु पर्नेछ ।

क. अनूसूची- १ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी बिवरण

ख. एकिकृत हुने अघिल्लो दिन सम्मको वासलात

ग.आन्तरिक लेखा परीक्षण प्रतिवेदन

**घ.** साधारण सभाबाट एकीकरणको स्वीकृत लिने कार्यको लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकिकृत हुन आउने संघसंस्थाबाट बढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने ।

**च.** एकिकृत संघसंस्थाहरुको सम्पत्ति स्थायी भए नियमानुसार नामसारी सम्बन्धी बिषय ।

**छ.** संघसंस्थाहरुको ऋण लगानी ऋण असुली र भुक्तानी बचत तथा ऋणको ब्याजदर सदस्यताको क्रम संख्या शेयर प्रमाण पत्र लिने दिने कर्मचारी ब्यबस्थापन कारोबार स्थगन जस्ता बिषयहरुमा कुनै छुट्टै ब्यबस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

**९. शर्त र कार्यविधिमा खुलाउन पर्ने** : कार्यालयबाट एकीकरण कार्य अगाडि बढाउन ऐन को दफा ६५ को उपदफा ३ बमोजिम पूर्व स्वीकृती प्राप्त गरेका वा शर्त र कार्यविधि समेत खुलाउनु पर्ने संघसंस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछ ।

क. एकीकरण हुने संघसंस्थाको एकीकरण भए पछि रहने नाम ठेगाना र संयुक्त कार्यक्षेत्र तथा सदस्यता प्रतिवेदन

ख.सदस्यहरुको हक हित संरक्षण गर्ने ब्यबस्था

ग.संघसंस्थाको सम्पत्तिको मूल्याङ्कन सम्पत्ती र दायित्वको मिलान पद्धत्ति

घ.एकीकरण गर्न लाग्ने अनुमानित समयावधि

ङ. संघसंस्थाको विनियमावली कार्य संचालन सम्बन्धी नियमावलीहरु बचत तथा ऋण नीति र निर्देशिका संघसंस्थाको रुपमा परिणत हुने वा एकीकरण हुने संघसंस्थाको नाम

च.एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना

छ. एकीकरण भएपछिको संघसंस्थामा जनशक्ति ब्यबस्थापन योजना तथा कर्मचारी ब्यबस्थापन सम्बन्धी अन्य ब्यबस्था

ज. प्रचलित सहकारी कानूनको पालनाको लागि गर्नुपर्ने बिषय र स्वीकृति प्रक्रिया

झ. संस्थागत पुर्नः संरचना एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा संचालन ब्यबस्था

ञ. अन्य प्रचलित कानून र सोको पालना भएको घोषणा

ट. कार्यालयले तोकेका अन्य आवश्यक बिषयहरु

**१०. एकीकरणको लागि निवेदन दिने** :

१. ऐन को दफा ६५ बमोजिम पूर्व स्वीकृती प्राप्त गरेका वा ऐन को दफा ६५ बमोजिम पूर्व स्वीकृती प्राप्त नगरेका संघसंस्थाले ऐनको प्रक्रिया पूरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पूँजी संरचना अनुसार आ -आफ्नो साधारण सभाबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

२. ऐन को दफा ६५ को उपदफा १ बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुवै संचालक समितिको निर्णय सहित सयुंक्त रुपमा विषयगत सहकारी संस्था भए इन्द्रसरोवर गाउँपालिकाको कार्यालयमा **अनूसूची -२** बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**११. कार्यालयले अपनाउनु पर्ने कार्यवधिः** १. एकीकरणको लागि निवेदन पेश भएपछि कार्यालयले देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

क. कार्यालय सँग एकीकरणको लागि पूर्व स्वीकृत लिए वा नलिएको ऐन को दफा ६५ मा उल्लेखित बिशेष अबस्था बाहेक पूर्व स्वीकृती नलिएको अबस्था भएमा एकीकरण पश्चात आउन सक्ने कानूनी जटिलताको बिषय यकिन गर्ने ।

ख. एकीकरण हुने संघसंस्थाहरुको साधारणसभाको कुल कायम रहेको सदस्य संख्याको बहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए वा नभएको हेर्ने ।

ग. कार्यालयले एकीकरण सम्बन्धी १५ दिने सूचना तयार गरी राष्ट्रिय तथा स्थानीय स्तरको पत्रिकामा र स्थानीय स्तरको एफ. एम. रेडियोबाट प्रशारण गराउने, जिल्ला सहकारी संघ, विषयगत जिल्ला सहकारी संघ र सम्बन्धित संस्थाको सूचना पाटिमा टाँस गरी गुनासो उजुरी माग गर्ने ।

घ. सूचनाको अवधि भित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए कस्तो बिषयको उजुरी हो सोको अध्ययन गर्ने

ङ. सरोकारवालाहरुको गम्भीर प्रकृतिको उजुरी वा गुनासो पाइएमा त्यसको सच्चाई पत्ता लगाउने र नपरेमा सम्बन्धित कार्यालयबाट खुलाउनु पर्ने बिषयहरु खुलाएर एकीकरण सम्बन्धी निर्णय लिने ।

च. एकीकरण कार्य सम्पन्न भएको सूचना पत्रपत्रिकामा प्रकाशित गर्न लगाउने ।

छ. संस्था एकीकरण गरेपछि मूल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सोको जानकारी जिल्ला सहकारी संघ, बिषयगत संघ, प्रदेश सहकारी मन्त्रालय, केन्द्रिय सहकारी बिभागमा जानकारी पठाउने ।

**१२. अन्तिम स्वीकृति सम्बन्धी ब्यबस्था** : एकीकरण प्रक्रियाको लागि फाइल अगाडि बढाउन इन्द्रसरोवर गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ३ बमोजिम दर्ता तथा गठन भएका सहकारी संस्थाहरुले शर्त र कार्यविधि समेत उल्लेख गरी स्वीकृतीको लागि यस इन्द्ररसरोवर गाउँपालिकाको कार्यालयमा संयुक्त रुपमा देहायको थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।

क. एकीकरण हुने संघसंस्थाहरुको पछिल्लो आर्थिक बर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन ।

ख. एकीकरण गर्ने सम्बन्धमा कुनै पत्र भए त्यस्तो समझदारी पत्र र एकीकरण समिति गठनको निर्णय ।

ग. एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ बिवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्याङ्कनकर्ताको प्रतिवेदन ।

घ. एकीकरण हुने संघसंस्थाको नाम र ठेगाना

ङ. एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्ययोजना

च. कार्यालयले तोकेका अन्य कागजात तथा बिवरण

छ. एकिकृत हुन आउने संस्थाहरुले अनूसूची —२ बमोजिमको संयुक्त आवेदन

ज.एकीकरणको निर्णयहरुको प्रमाणित प्रतिलिपि

झ. अनूसूची -१ बमोजिमको एकीकरणको शर्त र कार्यविधि

ञ. एकीकरण हुने संघसंस्थाहरुको छुट्टाछुट्टै र संयुक्त वासलात

ट. कार्यालययको स्वीकृतिमा स्थानीय पत्रपत्रिकामा संस्था एकीकरण हुन जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना ।

ठ. उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोबार नगर्ने एकीकरणको लागि कार्यालयमा पत्राचार गर्दा एकिकृत हुन आउने संघहसंस्थाहरुको अघिल्लो बर्षको साधारण सभाद्धारा अनुमानित लेखा परीक्षण प्रतिवेदन तथा चालु बर्षको आन्तारिक लेखा परिक्षण प्रतिवेदन समेत संलग्न राख्नु पर्ने

ड. एकिकृत संघसंस्थाको विनियममा एकिकृत संघसंस्थाको नामबाट भए गरेका काम कारबाही यस विनियम बमोजिमको भए गरेको मानिनेछ भन्ने प्रावधान पनि समावेश गर्ने यसका लागि विनियम संशोधन प्रस्ताव पारित गराउने

ढ.सम्पूर्ण कागज पत्रहरु एकिकृत हुन चाहने संघसंस्थाका अध्यक्षहरुबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

२. उपदफा १ बमोजिमको निवेदन उपर कार्यालयले कारबाही गर्दा थप बिवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संघसंस्थालाई लिखित सूचना दिई सात दिन भित्र थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त ब्यक्तिले कार्यालयमा उपस्थित भई तोकीएको समयभित्र त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

३.उपदफा १ बमोजिम निवेदन परेमा कार्यालयले उक्त निवेदन सो सँग संलग्न कागजात बिवरण उपर छानविन गरी पन्ध्र दिनभित्र संघसंस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संघसंस्थालाई दिनेछ ।

४.यस कार्यविधि बमोजिम माग गरीएको थप जानकारी वा कागजपत्र संघसंस्था वा सोका अख्तियारीवाला ब्यक्तिले तोकेको समयावधि भित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएको निवदेन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारबाही गरिने छैन । तर पुनः दिएको निवेदन उपर कारबाही गर्न भने यस ब्यबस्थाले बाधा पुर्याएको मानिने छैन ।

## परिच्छेद — ४

## बिबिध

**१३. एकीकरण सम्बन्धी अन्य ब्यबस्था** : १. संघसंस्था एक आपसमा एकीकरण गर्दा आवश्यकताअनुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :-

क. दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोबार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा कार्य क्षेत्र पुनर्निर्धारण गरेर मात्र सो प्रतिवेदनमा उल्लेख भए बमोजिम कार्यक्षेत्र प्रदान गर्न सकिनेछ ।

ख. एकीकरण गर्दा खण्ड क. बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा खोल्न दिइनेछ ।

ग. फरक बिषयमा संस्थाहरु एकीकरण हुने भएमा त्यस्ता संस्थाहरुलाई सो संस्थाले चाहेको बिषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

**१४.एकीकरण पश्चात गर्नुपर्ने कुराहरु** : १. एकीकृत भएका संघसंस्थाले एकीकरण प्रश्चात देहाय बमोजिमको कार्यहरु गर्नु पर्नेछ :-

क. एकीकरण सामेल भएका संघसंस्थाहरु संस्थाको मूल कार्यालय भन्दा टाढा भए सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृत लिई कार्यहरुलाई निरन्तरता दिने ।

ख.कर्मचारीको जिम्मेवारी बाडँफाँड र संचालक लेखा समितिको जिम्मेवारीको बाडँफाँडमा बिशेष ध्यान दिने

ग.एकीकरण पछि संचालक र लेखा समितिको निर्वाचन गर्नुपर्ने भए बिशेष सभा बोलाई निर्वाचन गर्नु पर्नेछ ।

**१५. एकीकरण सहजीकरण गर्न सकिने** : १. देहायको अबस्थामा संघसंस्थाबाट एकीकरण गर्न अनुरोध भै आएमा कार्यालयले एकीकरण प्रक्रियामा सहजीकरण गर्न सक्नेछ :-

क. एकै स्थानमा एकै बिषयमा धेरै संस्थाहरु संचालन भएको ।

ख. एकै बिषयमा र प्रकृति मिल्ने संघसंस्थाहरु दर्ता भै संचालनमा रहेका ।

ग.दुई वा दुई भन्दा बढी संघसंस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने देखिएको ।

**१६. सहकारी क्षेत्रको कार्यक्षेत्र बिस्तार गर्ने सम्बन्धमा** : यस इन्द्रसरोवर गा.पा. को सहकारी ऐन, २०७५ को दफा ९ मा उल्लेख भए बमोजिम यस गाउँपालिका क्षेत्र भित्र रहेका दर्ता भएका सहकारी संस्थाहरुले संस्थाको ब्यवसायीक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन आफ्नो कार्यक्षेत्र गाउँपालिका भित्र बिस्तार गर्न सक्ने छन ।

**१७.विनियम र आन्तारिक कार्यविधि संशोधन** ; यस गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा १९ बमोजिम यस इन्द्रसरोवर गाउँपालिका भित्र रहेका सहकारी संस्थाले समयानुकूल र कार्य अनुकूल सहकारी संस्था संचालन गर्न सस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तारिक कार्यविधि संशोधन गर्न सक्नेछ ।

**१८. विविध** : १. एकीकरण हुने संघसंस्थाको सम्पत्ति तथा दायित्वको विवरण प्राप्त गरेपछि  सो सम्पत्ति तथा दायित्वको हिसाब किताब दुरुस्त राख्ने ब्यबस्था मिलाउनु पर्नेछ ।

२. कार्यालयले संघसंस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यन्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारबाही गर्न सक्नेछ ।

## अनुसूची-१

### दफा -४ को उपदफा (१) "घ" सगँ सम्बन्धित

### एकीकरण शर्त तथा कार्यविधि ढाँचा फारम ।

सहकारी ऐन नियम इन्द्रसरोवर गाउँपालिका सहकारी ऐन, २०७५ तथा संघसंस्थाको विनियम भएको ब्यबस्था अनुसार ............... सहकारी संघ/ संस्था लि............. र ............... सहकारी संघ / संस्था लि.को एकीकरण गर्दा शर्त र कार्यविधि खोलि एकीकरण प्रक्रियालाई अघि बढाउनु पर्ने भएकाले निम्न लिखित शर्त र कार्यविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यन्वयन लागि इन्द्रसरोवर गाउँपालिका कार्यालयमा, जिल्ला सहकारी संघमा समेत जानकारी साथ अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | बिषय | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १. | नाम | .................संघ/संस्था लि.(दर्ता नं. ,डि.स.का. ............) संघ /संस्था(द.नं..........डि.स.का) रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामबाट संस्थाको संचालन गर्ने। दुवै संघ/संस्था लाई एकिकृत गरी .............. सहकारी संघ/ स्स्था लि. ............ कायम गर्ने । | दुवै संघ /संस्थाको साधारणसभाबाट पारित गराई......... कार्यालय..........बाट एकीकरणको स्वीकृति लिई संस्था............... को नामबाट संचालन गर्ने । | |
| २. | कार्यालय | दुवै संघ /संस्थाको कार्यालय एउटै बनाउने | ..............संघ / संस्थाको कार्यालय भवनबाट कार्य संचालन गर्ने । | |
| ३. | कार्य क्षेत्र | दुवै संघ / संस्थाको कार्यक्षेत्र एकिकृतरुपमा रहने र कार्यक्षेत्र आफ्नो सदस्यलाई सेवा प्रदान गर्ने | एकिकृत हुने संघ / संस्थाका कार्यक्षेत्र .......... गा.पा.... वडा भएकोले गा. पा. कार्यक्षेत्र पुननिर्धारण पछि कायम हुने कार्यक्षेत्र समेतको स्वीकृति लिई सेवा प्रदान गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| ४. | विनियम | दुवै संघ / संस्था एकीकृत भएपछि एउटा मात्र संघ / संस्थाको विनियम स्वीकार गरिने | .............. सहकारी संघ /सस्थाको विनियम ........... स्वीकार गरी सोही विनियम अनुसार कार्य संचालन गर्ने । | |
| ५. | शेयर रकम | दुवै संघ /संस्थाको शेयर रकम एकीकृत गर्ने । यस बर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने | सवै संघ संस्थाको पछिल्लो लेखा परीक्षण प्रतिवेदन अनुसारको शेयर रकम जम्मा गरि संस्थामा समावेश गर्ने ।<br>१................ सहकारी संस्थाको शेयर पूँजी रु ..........<br>२............. सहकारी संस्थाको शेयर र पूँजी रु...........<br>३..................... सहकारी संस्थाको शेयर र पूँजी रु.........जम्मा शेयर पूँजी रु.............. हाल सम्म | |
| ६. | संघ संस्थाका कोषहरु | ................र.............कोषको रकम एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्न नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने । यसरी एकिकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने | वितरण गर्न मिल्ने कोषहरु सम्बन्धित संघसंस्थाका सदस्यहरुलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने, कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने, वितरण गर्न मिल्ने कोषहरुको विवरण कोषको नाम................ सहकारी संघ /संस्था जम्मा<br>१.शेयर लाभांश<br>२.सुरक्षण पूँजी फिर्ता | |

| | | | | |
|---|---|---|---|---|
| | | | ३. कर्मचारी बोनस<br>जम्मा.........<br>एकीकृत गरी कोषमा राख्ने कोषहरु:<br>कोषको नाम: जम्मा<br>१.जगेडा कोष<br>२.सहकारी शिक्षा<br>३. घाटा पूर्ति<br>४.डुवन्त ऋण कोष<br>५. सहकारी विकास कोष<br>६. कर्मचारी संचय कोष<br>७. कर्मचारी बोनस कोष<br>८. सामुदायिक बिकास कोष<br>९स्थिरीकरण कोष<br>जम्मा......................... | |
| ७. | दायित्व | ............... र .............. चुक्ता गर्नु पर्ने दायित्व एकीकरण पश्चात ........... ने चुक्ता गर्ने अथवा दायित्व बहनको जिम्मेवारी .................... रहने । | .................. संघ / संस्थाको दायित्व र .............. संघ / संस्थाको दायित्व एकीकृत गरी ............... बाट फयछौट गर्ने । | |
| ८. | लगानी हिसाब | ............... र ............ छाता संघहरुमा रहेको लगानी हिसाब एकीकृत गरी ................ को नाममा कायम गर्ने। ............... संघ / संस्थाको लगानी रकम सम्बन्धित छाता संघबाट फिर्ता लिई आम्दानी बाँध्ने । | निम्न लगानी हिसाब एकिकृत गरी ............. को नाममा कायम गर्ने। फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई............... नाममा आम्दानी बाँध्ने र सो कार्यका लागि छाता संघहरुबाट पत्राचार गर्ने। लगानी भएको संघ /संस्था | |

| | | | | |
|---|---|---|---|---|
| ९. | ऋण लगानी | ............. र............ आफु नाममा सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकिकृत गरी ............. मा समावेश गर्ने । | ................ र............ एकीकृत भएपछि ............ऋणी सदस्यहरुले .................नाममा उक्त ऋण सार्ने ब्यबस्था गर्ने । यसका लागि............ मसान्तसम्म समय दिने ब्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण............. बाट उपलब्ध गराउने ब्यबस्था मिलाउने । | |
| १०. | बचत हिसाब | ............. र........... सवै खालका बचतहरु एकिकृत रुपमा समावेश गर्ने । | ............. र........... द्धारा संचालित बचत कार्यक्रमहरु संस्था .............शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने । | |
| ११. | सदस्यता | .............. र........... दुवै संस्थाका सदस्यहरुलाई एकिकृत संस्थामा समावेश गर्ने । | ................ र ..........शेयर सदस्यहरुको सस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |
| १२. | नीतिहरु | संघ/संस्था संचालनमा नीति लागु गर्ने सन्दर्भमा .......... र ............ भएका एकै किसिमका नीतिहरु भए .......... का नीतिहरु लागु गर्ने र ............. नभएका नीतिहरु का सन्दर्भमा भन्ने............. नीतिहरुलाई नै एकिकृत संघ / संस्थाको नीतिका रुपमा लागु गर्ने । | हाल रहेका निम्न नीतिहरु कायम राखी संघ / संस्था संचालनमा गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १३. | बैक खाता र नगद जिम्मेवारी | .............. बैक कारोबार ........... हस्न्तानान्तरण गर्ने नगद पनि संघ / संस्थाको एकिकृत गर्ने । | ................. बैक र नगद हस्तान्तरण गरी एकिकृत रुपमा राखी उपयोग गर्ने । | |
| १४. | संस्था संचालन प्रक्रिया | ........... दुवै संस्थाका वर्तमान संचालक लेखा तथा सल्लाहकार समिति एवं उप समितिहरु मिलाएर विनियममा ब्यबस्था भए बमोजिम बाँकीअवधि ........... सम्मका लागि कायम गर्ने । | दुवै संस्थाका संचालकहरुबाट संचालक समिति लेखा समिति तथा अन्य समिति उपसमिति बाँकी अवधी सम्मका लागि गठन गरी कार्य गर्ने । | |
| १५. | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुवै संघ /संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने | दुवै संघ / संस्थाले बुझाउनु पर्ने बाँकी ऋण संयुक्त रुपमा ......... नाममा स्थानान्तरण गरी बुझाउने लिनु र्ने भए पनि यही कार्य विधि अपनाई असुल उपर गर्ने । | |
| १६. | केन्द्रिय / जिल्ला/ बिषयगत संको प्रतिनिधि | ............. बाट प्रतिनिधित्व गर्ने केन्द्रिय/ जिल्ला/ बिषयगत संघको प्रतिनिधि........... एकिकृत संघ/ संस्थाको तर्फबाट पनि निरन्तरता दिने र ............. का केन्द्रिय प्रतिनिधिलाई भने फिर्ता गर्ने । | ........................ केन्द्रिय प्रतिनिधि.................. संयुक्त भएको दुवै संघ/ संस्थाको प्रतिनिधिकका रुपमा एकिकृत प्रतिनिधि फेरबदल गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १७. | कर्मचारी | दुवै संघ /संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज लगाउने । | ………… नियुक्त कर्मचारीहरु र …………… नियुक्त कर्मचारीहरुलाई एकीकृत रुपमा…………… नै यथावत कामकाज मा लगाउने । | |
| १८. | पान नं. | ………… जान स्वीकार गर्ने र ……….. पानलाई रद्ध गर्ने । ………… त्सका लागि सम्बन्धित निकायमा जानकारी गराउने । | …………………… सहकारी संस्थाको आन्तारिक राजस्व कार्यालयमा दर्ता भएको पान…… लाई प्रयोग गर्ने । | |
| १९. | नगदी र ढुकुटीको बीमा गर्ने | एकिकृत संघ / संस्था ………….. को नगदी र ढुकुटी (सेफ) को बीमा गराई संचालन गर्ने। | उपयुक्त बीमा कम्पनी सँग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी बीमा गर्ने ब्यबस्था मिलाउने । | |
| २०. | एकीकरण पछिको विवाद सम्बन्धी | एकीकरण पश्चात कुनै बिषयमा विवाद उठेमा विवाद मिलाउन तीन सदस्यीय समिति निर्माण गर्ने र विवादको टुङ्गो लगाउने । | विवाद समाधान समितिमा ……………… र ……………… निम्न सदस्यलाई जिम्मेबारी दिने र समितिले गरेको निर्णय संचालक समितिले अनुमोदन गरे पछि लागू हुने गरी निर्णय गर्ने ।<br>१.संयोजक………….<br>२.सदस्य……….<br>३.सदस्य………. | |

| | | | | |
|---|---|---|---|---|
| २१. | विनियम मा संशोधन र परिमार्जन गर्ने समिति | ........... सहकारी संस्थाको विनियम हालको अबस्थामा कतिपय बिषयहरु थपघट परिमार्जन गरी समयानूकल बनाउनु पर्ने भएकोले ब्यापक अध्ययन परिमार्जन गर्न तीन सदस्यीय समितिलाई जिम्मा दिने । | विनियम संशोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेबारी दिने ।<br>१.संयोजक..............<br>२. सदस्य.......<br>३. सदस्य........... | |

**दस्तखत................**

**............. संघ/ संस्था लि.**

**संस्थाको छाप**

**दस्तखत.....................**

**............. संघ/ संस्था लि.**

**संस्थाको छाप**

## अनुसूची -२

## दफा -१० को उपदफा (२) सँग सम्बन्धित

**श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**इन्द्रसरोवर गाउँपालिका**
**कुलेखानी , मकवानपुर ।**

**बिषय : एकीकरण गर्न स्वीकृति पाउँ ।**

महोदय,

इन्द्रसरोवर सहकारी ऐन,२०७५ बमोजिम संचालन भै आएका तपसिल बमोजिमका संघ संस्था एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पूरा भएकोले एकीकरणको लागि तोकिएको आवश्यक कागजनत सहित यो निवेदन पेश गरेका छौं । अत: उपरोक्त आवश्यक कागजात थान .......... संलग्न छन् ।

**भवदीय,**

| | |
|---|---|
| ......................<br>(संस्थाको तर्फबाट आधिकारिक ब्यक्ति)<br>नाम:<br>पद:<br>संस्थाको नाम :<br>ठेगाना:<br>टेलिफोन नं.:<br>फ्याक्स नं.:<br>इमेल ठेगाना:<br>मिति :<br>संस्थाको नाम : | ......................<br>(संस्थाको तर्फबाट आधिकारिक ब्यक्ति)<br>नाम:<br>पद:<br>संस्थाको नाम :<br>ठेगाना:<br>टेलिफोन नं.:<br>फ्याक्स नं.:<br>इमेल ठेगाना:<br>मिति :<br>संस्थाको नाम : |

**अनुसूचि -३**

**दफा -११ उपदफा (१) को "ग" सँग सम्बन्धित**

**सहकारी एकीकरण सम्बन्धि**

**सूचना ।　　　　सूचना ।।　　　　सूचना ।।।**

इन्द्रसरोवर गाउँपालिका वडा नं. ............ स्थित........... मा अवस्थित रहेको सहकारी संस्थाहरु एक आपसमा एकीकरण तथा मर्च सम्बन्धि विषयमा यस कार्यालयमा दिएको निवेदनको आधारमा सम्बन्धित सहकारी संस्थाहरुले दिएको सहकारी एकीकरण सम्बन्धी निवेदनको व्यहोरा झुठ्ठा वा कुनै वाधा व्यवधान भएमा एकीकरण हुन लागेका संस्थाको शेयर सदस्यता तथा सरोकारवाला पक्षहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा गुनासो उजुरी गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**सहकारी शाखा**

**इन्द्रसरोवर गाउँपालिका कुलेखानी, मकवानपुर ।**